**Sub. code 3041**

**NEB - GRADE XII**
**2079(2023)**
**Model Question**

# Economics

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर दिनु पर्नेछ । किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछ ।*
*The candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**समय (Time): 3 Hrs.** **पूर्णाङ्क (Full Marks): 75**

**सबै प्रश्नको उत्तर दिनुहोस् । (Attempt All Questions)**

## समूह 'क' (Group A)

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Very Short Answer Type Questions)** **11×1 = 11**

1. श्रम विभाजनका कुनै दुई फाइदाहरु लेख्नुहोस् ।
   Write any two advantages of division of labour.
2. एक विक्रेताले १० ओटा बस्तुको बिक्रीबाट रु. ७०० रुपैयाँ कमाउँछ । यदि उसले थप एक एकाइ बेच्यो भने, उसको कुल आय रु.७५० हुन्छ भने सूत्र प्रयोग गरी सीमान्त आय पत्ता लगाउनुहोस ।
   A seller earns Rs. 700 from the sale of 10 units of a good. If s/he sells 1 more unit, her/his total revenue becomes Rs 750, then find marginal revenue by using formula.
3. मुद्रा आपूर्ति र कर्जा नियन्त्रण गर्न केन्द्रीय बैंकले अवलम्बन गर्ने नीतिलाई के भनिन्छ ?
   What is the policy applied by central bank to control the money supply and credit called?
4. स्थिर विनिमय दर र परिवर्तनशील बिनिमय दर बिचको कुनै एउटा भिन्नता लेख्नुहोस् । Write any one difference between fixed exchange rate and flexible exchange rate.
5. संरचनागत बेरोजगारी भनेको के हो ?
   What is 'structural unemployment'?
6. नेपाल विश्व व्यापार संगठनको सदस्य कहिले भयो ?
   When did Nepal become the member of WTO ?
7. नेपालको चालू योजनाले गरिबीको रेखामुनिको जनसंख्यालाई कम गर्ने लक्ष्यका साथ राखेका कुनै दुई नीतिहरू लेख्नुहोस् ।
   Write down any two policies aimed at reducing the size of population below poverty line in the current plan of Nepal.
8. तपाइँको समुदायमा लैंगिक असमानता छ । चाहे परिवारमा होस् वा विद्यालयमा होस् छात्राहरुको तुलनामा छात्रहरुलाई वढि महत्त्व दिइएको पाइन्छ । यस्तो सन्दर्भमा नेपालले सन् २०३० सम्म शिक्षामा लैंगिक समानताको लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्ले तपाईँले खेल्न सक्ने कुनै दुई भूमिकाहरू उल्लेख गर्नुहोस् ।
   There is gender inequality in you community. More prioriety is given to boys as compared to girls either at home or in school. In this regard, state any two roles that you can play to achieve the goal of gender equality in education by 2030 in Nepal ?
9. प्राथमिक तथ्याङ्क संकलन गर्नु पूर्व जानकारी राख्नु पर्ने कुनै दुई कुराहरु लेख्नुहोस् ।
   Write any twopre-requisites of primary data collection.
10. द्वितियक तथ्यांकका स्रोतहरुमा पुस्तक, पत्रपत्रिका, रेडियो, आदि पर्दछन् । तर तिनीहरुवाट तथ्यांक संकलनमा अनेक समस्या रहन्छन् । यस सन्दर्भमा द्वितीयक स्रोतबाट तथ्यांकहरु प्रयोग गर्दा आइपर्ने कुनै दुई समस्याहरु औंल्याउनुहोस् ।
    The sources of primary data collection are book, newspaper, radio, etc. But there are various problems in data collection from such sources. In this regard, point out any two problems while using the data from secondary sources.

11. यदि प्रथम चतुर्थांस र तृतीय चतुर्थांशहरूको फरक र योगफलहरू क्रमशः ४५ र ७५ भए चतुर्थक विचलक गुणाङ्क पत्ता लगाई व्याख्या गर्नुहोस ।

If the difference and sum of first quartile ($Q_1$) and third quartile ($Q_3$) are 45 and 75 respectively. Find the coefficient of quartile-deviation and interpret it.

## समूह ख (Group B)

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/Short Answer Type Questions)** **8×5 = 40**

12. स्रोत र साधनको बाँडफाँडको अर्थ के हो ? स्रोतहरुको बाँडफाँड गर्दा उत्पन्नहुन सक्ने प्रमुख तीनवटा समस्याहरूको पहिचान गरी वर्णन गर्नुहोस् ।

What is the meaning of allocation of resources ? Identify and describe the three major issues that may arise while allocating resources. 2+3

Or (**अथवा**)

बजार अर्थतन्त्र भनेको के हो ? यसका कुनै चारवटा विशेषताहरू वर्णन गर्नुहोस ।

What is Market Economy ? Explain any four features of market economy. 1+4

13. नाफाको अनिश्चितता वहन सिद्धान्तको बर्णन गर्नुहोस । यसका कुनै चारवटा कमजोरीहरु औल्याउनुहोस् ।
Describe the Uncertainty Bearing Theory of Profit. Point-out its' any four weaknesses.
3+2

14. दिइएको तालिकाका आधारमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस् ।
Give the answer of following questions on the basis of given table. 2+3

| Output | 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|---|
| TC | 8 | 14 | 18 | 28 | 45 | 72 |
| AC | | 7 | | | 9 | |
| MC | | | | 10 | | 27 |

i. माथिको तालिका पूरा गर्नुहोस् । (Complete the above table.)

ii. पुरा गरिएको तालिकाबाट औसत् लागत र सीमान्त लागतका रेखा चित्र खिच्नुहोस ।
Draw AC and MC curves from the completed table.

15. कुनै एकाधकारी फर्मले बस्तुको मूल्यमा क्रमशः कमि गर्दै लगेर आफुले चाहे जति वस्तुको परिमाण बिक्री गर्न सक्दछ । यस जानकारीका आधारमा फर्मको कुल आय, औसत् आय र सीमान्त आय देखाउने तालिका तयार पार्नुहोस् र उक्त तालिकाको आधारमा सीमान्त आय तथा औषत् आय रेखाचित्र खिच्नुहोस् ।

'A monopoly firm can sell as many goods as it wants to sell by decreasing prices'. Based on this information, prepare a table showing the firm's total revenue, average revenue and marginal revenue. Draw the curves of average revenue and marginal revenue based on the table. 3+2

16. मुद्रा बजारको परिभाषा दिनुहोस र यसका कुनै चारवटा बिशेषताहरूको व्याख्या गर्नुहोस् ।

Define Money Market and describe any four features of it. 1+4

17. हाल नेपालमा निरन्तर बढ्दो आर्थिक असमानताको अवस्थाले गर्दा देशको सामाजिक, राजनीतिक र समग्र आर्थिक क्षेत्रमा प्रतिकुल असर परेको देखिन्छ । यस्तो अवस्थालाई कम गर्न कुनै पाँच व्यावहारिक उपायहरू सुझाउनुहोस् ।

Currently, increasing economic inequality situation in Nepal has adversely affected the social, political and whole economic sectors of the country. Suggest any five practical measures to reduce this situation.

18. नेपालको विकासका योजना निर्माण तथा कार्यान्वयनको इतिहास लामो छ । तर पर्याप्त विकास हुन सकिरहेको छैन । यस सन्दर्भमा नेपालले प्रभावकारी विकास योजना निर्माण गर्न के के चरणहरू अपनाउनु पर्दछ ? सुझाव दिनुहोस् ।

Nepal has a long history of formulation and implementation of development plan. But there is no sufficient development. In this regard, suggest the steps to formulate an effective development plan in Nepal.

19. दिइएको तथ्याङ्कबाट स्तरीय विचलन पत्ता लगाई नतिजाको व्याख्या गर्नुहोस् ।
Find the standard deviation from the given data and interpret the result. 4+1

| ज्याला रु.(Wages Rs.) | श्रमिकको संख्या (No. of Labour) |
|---|---|
| 45 | 8 |
| 55 | 7 |
| 65 | 3 |
| 75 | 2 |
| 80 | 4 |

or (**अथवा**)

तलको तथ्यांकबाट लास्पेयरको सूत्र प्रयोग गरी मूल्य सुचकाङ्क पत्ता लगाउनुहोस् र नतिजाको विश्लेषण गर्नुहोस् ।
Find Price Index using Laspeyre's formula and interpret the result. 4+1

| वस्तुका प्रकार (Types of goods) | आधार वर्ष (Base year) | | चालू वर्ष (Current year) | |
|---|---|---|---|---|
| | मुल्य (Price) | परिमाण (Quantity) | मुल्य (Price) | परिमाण (Quantity) |
| चामल (Rice) | 70 | 15 | 80 | 20 |
| पिठो (Flour) | 40 | 5 | 45 | 7 |
| आलु (Potato) | 30 | 10 | 35 | 12 |
| तेल (Oil) | 200 | 7 | 250 | 5 |
| दुध (Milk) | 30 | 5 | 35 | 4 |

## समूह 'ग' (Group C)

(विस्तृत उत्तरात्मक प्रश्नहरू **/Long Answer Type Questions)** **3×8 = 24**

20. पूर्ण प्रतिस्पर्धा अन्तर्गत उत्पादनको मूल्य तथा परिमाण निर्धारण हुने प्रकृयालाई चित्रित गर्नुहोस् र MR-MC अवधारणा अनुसार फर्मको अल्पकालीन सन्तुलनका अवस्थाहरू देखाउनुहोस् ।
Illustrate the price and output determination process under perfect competition and show the situations of short-run equilibrium of the firm by MR-MC approach. 4+4

21. तुलनात्मक लाभको सिद्धान्त अन्तर्राष्ट्रिय व्यापारको आवश्यकतासँग सम्बन्धित छ । हरेक देशहरुले आफ्नो देशमा उत्पादन गर्दा बढि लागत पर्ने वस्तु आयात गर्दछन् । एउटा उपयुक्त उदाहरणको साथ व्याख्या गर्नुहोस् ।
The Comparative Advantage theory of international trade is relatedto the need of international trade.Every country imports the goods if their cost of production is high in the country. Explain with a suitable example.

22. नेपाल जस्ता विकासोन्मुख देशका लागि बैदेशिक रोजगारी बढ्दो बेरोजगारीको समस्या समाधान गर्ने एउटा उपाय हो । तथापि यसले भविष्यमा यी देशहरुले बिभिन्न समस्याहरु सामना गर्नुपर्ने पनि हुन सक्छ । यस्ता सम्भावित समस्याहरुलाई मनन् गरी चार/चार बुँदाहरुमा आफ्ना बिचारहरु ब्याख्या गर्नुहोस् ।

Foreign employment is a way to solve the unemployment problem for developing countries like Nepal. However, from this, such countries will have to face various problems in future. Considering such possible problems, explain your ideas in four points for each. 4+ 4

**अथवा**or

नेपालका लागि सान्दर्भिक रहेका संयुक्त राष्ट्र संघका दीगो विकासका कुनै चारओटा लक्ष्यहरू प्राथमिकीकरण गर्नुहोस् । नेपालको सन्दर्भमा यी लक्ष्यहरुलाई प्राथमिकतामा राख्न किन जरुरी छ ? प्रष्ट पार्नुहोस् । Prioritize and list out any four major SDGs of UN that is directly relevant to Nepal. Why these aims should be prioratized in Nepalese context? Clarify. 2+3+3

-0-